# बजेट वक्तव्य

## आर्थिक वर्ष २०८२/०८३

निस्दी गाउँपालिका
मित्याल, पाल्पा
लुम्बिनी प्रदेश

# "शिक्षा, स्वास्थ्य, रोजगार र पर्यटन सहितको पूर्वाधारः प्रकृति र मगर संस्कृति निस्दीको आधार"

श्रद्धेय अध्यक्ष ज्यू, यस सभाका सभा सदस्य ज्यूहरु, सभाका सचिव ज्यू, तथा सम्पूर्ण कर्मचारी ज्यूहरु, पत्रकार ज्यूहरु लगायत सम्पूर्ण उपस्थित महानुभावहरु निस्दी गाउँपालिकाको आ.व २०८२/०८३ को प्रस्तावित वार्षिक बजेट यस गरिमामय सभा समक्ष पेश गर्न गइरहेकी छु। सर्वप्रथम संघिय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न वलिदान दिनु भएका सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहान्छु।

**श्रद्धेय अध्यक्ष एवं सदस्य ज्यूहरु,**

निस्दी गाउँपालिकाको जनताको सामाजिक आर्थिक विकाससंगै जीवनस्तरमा व्यापक सुधार गर्ने जिम्मेवारी सहित वार्षिक बजेट यस सभा समक्ष पेश गर्दैछु। जनचाहना अनुरुप नागरिकहरुको घरदैलोमा सेवा प्रवाह गर्ने आधार स्तम्भको रुपमा रहने संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको जगलाई मजबुत बनाउदै सुशासन, दिगो शान्ति, समृद्धिको चाहना पुरा गर्ने विश्वास लिएकी छु।

## <u>बजेटका उद्देश्यहरु</u>

१.संस्थागत विकास, सेवा प्रवाह व्यवस्थापन

२. आर्थिक वृद्धि संगै स्वरोजगारी सिर्जना गरी उद्दमशिलता विकास गर्ने,

३. दक्ष मानव संशाधन विकासका लागि सामाजिक विकासमा लगानी गर्ने,

४. दिगो उत्थानशिल पूर्वाधार विकास गर्ने,

५. प्राथमिकता प्राप्त पालिका गौरवका आयोजनालाई निरन्तरता दिने,

६. वन वातावरण, विपद् व्यवस्थापनलाई प्राथमिकता दिने,

७. लक्षित वर्ग, क्षेत्र, लिङ्ग, समुदाय, वालबालिका, अपाङ्गको मुल प्रवाहीकरण गर्ने,

**श्रद्धेय सभा अध्यक्ष एवं सदस्य ज्यूहरु, अब म आ.व २०८१/०८२ को यथार्थ आय र व्यय पेश गर्न चाहन्छु।**

हालसम्म निस्दी गाउँपालिकाको संचित कोषमामा संघिय समानिकरण अनुदान रु. ९ करोड १७ लाख प्राप्त हुनु पर्नेमा ८ करोड ४१ लाख ४३ हजार ९ सय २० प्राप्त भएको छ।संघिय राजश्व बाँडफाँड रु. ११ करोड ९७ लाख ४५ हजार प्राप्त हुनुपर्नेमा रु.११ करोड २९ लाख २५ हजार १ सय ४० रुपैया ५७ पैसा प्राप्त भएको छ। प्रदेश सरकारबाट समानिकरण, शसर्त विशेष र समपुरक अनुदानमा प्राप्त हुनुपर्ने रु.२ करोड २६ लाख ७१ हजार मध्ये १ करोड ३४ लाख २१ हजार ६ सय ७ रुपैया प्राप्त भएको छ। आन्तरिक स्रोत तर्फ रु.८ करोड ७८ लाख ७६ हजार प्राप्त हुनुपर्नेमा रु.८ करोड ५३ लाख ५६ हजार ८ सय ७ रुपैया ३६ पैशा प्राप्त भएको छ।यसरी कुल संघ, प्रदेश र स्थानीय तहको आन्तरिक स्रोतमा प्राप्त हुनपर्ने रु.६१ करोड ४३ लाख ७ हजार ५ सय मध्ये रु.५८ करोड २१ लाख ७५ हजार ७ सय ५ रुपैया ७३ पैशा प्राप्त भएको छ। यसरी हेर्दा कुल प्राप्त हुनुपर्ने रकमको ९४.७६ % प्राप्त भएको छ। व्यय तर्फ आर्थिक विकासमा रु.१ करोड २४ लाख २० हजार विनियोजन भएकोमा रु.१ करोड २७ लाख ४४ हजार ६ सय २१ रुपैया खर्च भएको छ। यसै गरी सामाजिक विकास तर्फ रु.३२ करोड ११ लाख ५० हजार ५ सय विनियोजन भएकोमा रु.२२ करोड ९१ लाख ४१ हजार ९ सय ४ रुपैया ७६ पैशा खर्च भएको छ। यसैगरी पुर्वाधार विकासमा विनियोजन भएको र.१५ करोड ५९ लाख ३० हजार मध्ये रु.६ करोड ३१ लाख ८ सय ६३ रुपैया खर्च भएको छ। सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा विनियोजन भएको रु.१ करोड २२ लाख मध्ये रु.३० लाख ६६ हजार ६ सय २० रुपैया खर्च भएको छ। साथै अन्य क्षेत्र गरी रु. ३७ करोड ७३ लाख ७९ हजार ९ सय ९१ रुपैया ४२ पैशा खर्च भएको छ। यसरी कुल शतप्रतिशतमा हालसम्म ६१.७३ प्रतिशत खर्च भएको देखिएको छ।

**श्रद्धेय सभा अध्यक्ष एवं सदस्य ज्यूहरु, अब म आ.व २०८२/०८३ को अनुमानित आय व्यय पेश गर्न चाहन्छु।**

आयतर्फ निस्दी गाउँपालिकाको आन्तरिक आम्दानी रु.२ करोड ५ लाख, अल्या रु. ८ करोड ३० लाख ७० हजार ५ सय २८ रुपैया, राजश्व बाँडफाँड सँघ रु. ६ करोड ८१ लाख २१ हजार ३ सय ५४ रुपैया, राजश्व बाँडफाँड सँघ अन्त शुल्क रु.२ करोड २७ लाख ७ हजार १ सय १८ रुपैया, राजश्व बाँडफाँड प्रदेश रु.८८ लाख ४८ हजार रुपैया, समानिकरण सँघ रु.९ करोड ३१ लाख रुपैया, समानिकरण प्रदेश रु.६३ लाख १५ हजार रुपैया, विशेष अनुदान सँघ रु.१ करोड ६ लाख, विशेष अनुदान प्रदेश रु.२० लाख, खानी तथा खजिन रु.२ करोड ५० लाख रुपैया, बाडफाँड बाट प्राप्त राजस्व रु.८ लाख, सघिय सशर्त रु. २७ करोड ७२ लाख रुपैया, प्रदेश शर्सत रु.१ करोड ९० लाख रुपैया, संघिय समपुरक रु. २ करोड ७० लाख रुपैया र प्रदेश समपुरक

रु. ७५ लाख रुपैया गरी जम्मा रु.६७ करोड ६५ लाख १२ हजार रुपैया आय हुने प्रक्षेपण गरिएको छ।

जसमध्ये कुल पुँजीगत खर्च २१ करोड १ लाख २५ हजार रहेको छ भने कुल चालू खर्च ४६ करोड ६३ लाख ८७ हजार रहेको छ भने वित्तिय व्यवस्थापनमा कुनै पनि रकम विनियोजन भएको छैन । यसरी आगामी आर्थिक वर्षको कुल बजेट ६७ करोड ६५ लाख १२ हजार रहेको छ।

**श्रद्धेय सभा अध्यक्ष एवं सदस्य ज्यूहरु, अब म आ.व २०८२/०८३ को व्यय पेश गर्न चाहन्छु।**

निस्दी गाउँ कार्यपालिकाको कार्यालय, ७ वटै वडा कार्यालय र स्वास्थ्य संस्थाहरुको व्यवस्थापन गरी सेवा प्रवाह गर्नको लागि आवश्यक बजेट विनियोजन गरिएको छ।जसका लागि पदाधिकारी सुविधा, भत्ता रु.७५ लाख, कर्मचारी तलब महंगी भत्ता रु.१ करोड ९५ लाख, पोशाक भत्ता रु.७ लाख, कर्मचारी बैठक भत्ता रु.५ लाख, पदाधिकारी बैठक भत्ता रु.२२ लाख, पानी तथा विजुली रु.५ लाख, कर्मचारी कल्याण कोष रु. १० लाख, वडा कार्यालय विविध रु.३ लाख ५० हजार, इन्धन कार्यालय प्रयोजन रु.६५ लाख, सवारी साधन मर्मत रु.४५ लाख, विमा तथा नविकरण रु.४ लाख, मसलन्द तथा कार्यालय सामाग्री रु.२० लाख, पत्र पत्रिका तथा छपाइ र सूचना प्रकाशन रु.५ लाख, सेवा र परामर्श रु.२५ लाख, करार सेवा शुल्क रु.१ करोड ६० लाख, जनप्रतिनिधि तालिम रु.५ लाख, अनुगमन मूल्यांकन रु.५ लाख, भ्रमण खर्च रु. २० लाख, गाँउ सभा संचालन रु.८ लाख, विविध खर्च रु. ५० लाख, घर भाडा रु.१४ लाख, आर्थिक सहयोग रु.८ लाख, संचार महशुल रु.६ लाख, गाडी भाडा रु.२ लाख, फर्निचर तथा फिक्सर रु.५ लाख, मेशिनरी औजार खरिद रु.१० लाख, निर्मित भवनको संरचात्मक सुधार रु. १० लाख, आयुर्वेद औषधी खरिद तथा कर्मचारी तलव अनुदान रु.६ लाख, समन्वय र सहकार्य रु.५ लाख, कर्मचारी तालिम रु.५ लाख, मध्यमकालिन खर्च संरचना निर्माण रु.५ लाख, परियोजना बैंक निर्माण रु.५ लाख, उज्यालो निस्दी रु. १० लाख, उद्घाटन तथा सिलान्यास रु.५ लाख, सकारात्मक सोच तालिम रु.५ लाख, न्यायिक समिती कार्यक्रम खर्च रु. १३ लाख ५० हजार, प्रहरी चौकी व्यवस्थापन रु.५ लाख, सूचना प्रविधि व्यवस्थापन तथा मर्मत सम्भार खर्च रु.४ लाख, भूमी शाखा व्यवस्थापन रु.५ लाख, मनोपरामर्शदाता तलब भत्ता रु.२ लाख ५० हजार, आ ई ई रु.२ लाख ५० हजार, ए भि आर खरिद रु.३ लाख ५० हजार, मेशिनरी औजार मर्मत सम्भार खर्च रु.६ लाख गरि जम्मा ८ करोड ८७ लाख ५० हजार बजेट विनियोजन गरिएको छ।

**श्रद्धेय अध्यक्ष ज्यू अब म पालिका स्तरीय आयोजना पेश गर्न चाहन्छु।**

व्याकहो लोडर खरिद तथा बकेट ,ब्रेकर खरिद रु.६० लाख, मदनपुर मोटर वाटो निर्माण रु.२५ लाख, दार्सीङ्गवास मोटर बाटो रु.१० लाख, राष्ट्रिय रोजगार कार्यक्रम रु.१६ लाख, पन्ध्र शैया

अस्पताल खानेपानी तथा ट्रस्ट व्यवस्थापन रु. ९ लाख ५० हजार, कर्मचारीहरुको मनोबलमा वृद्धि गरि सेवा प्रवाह गर्न स्थानिय भत्ता ३० लाख विनियोजन गरिएको छ।, पूजीगत म्याचिङ फन्ड रु.२० लाख, भूत्तानी दिन बाँकी योजना तथा कार्यक्रमको आवश्यक बजेट विनियोजन गरिएको छ। बेलघाट झो.पु म्याचिङ्ग सहित रु.३५ लाख, सहलकोट स्वास्थ्य चौकी भवन निर्माण रु.५० लाख, ब्लड बैंक अनुदान रु.५ लाख, खानेपानी पम्प सोलार मर्मत तालिम रु. ५ लाख, लेन्थ मेन तथा मो वा मर्मत रु. २१ लाख, भोटाहा डमरा खानेपानी रु.२० लाख, गेझा खानेपानी व्यवस्थापन रु. १० लाख, नगर विकास कोष फण्ड रु.८० हजार, प्राविधिक तालिम तथा योजना अध्ययन कार्यक्रम रु.३ लाख, ढुंगानाबेशी गाउँघर क्लिनिक भवन निर्माण रु. ३ लाख, ५० हजार, हुवास लि खा.पा. व्यवस्थापन रु.५ लाख, सहकारी लाई अर्गानिक सर्टिफाईट कार्यक्रम रु.५ लाख, काउले डाँडा खानेपानी रु.१० लाख, मौलाथर लि. खानेपानी व्यवस्थापन रु. १० लाख, निस्दी सब डिभिजन वन कार्यालय घेराबार रु.७ लाख, दक्ष जनशक्ति तालिम रु. ३ लाख ५० हजार र अन्य आवश्यक बजेट गरी जम्मा ३ करोड ६४ लाख ३० हजार बजेट विनियोजन गरिएको छ।

**श्रद्धेय सभा अध्यक्ष एवं सदस्य ज्यूहरु,**

**अब म आर्थिक विकास तर्फ कृषि सेवा शाखा बाट कार्यान्वयन हुने बजेट तथा कार्यक्रम पेश गर्न चाहन्छु।**

मागमा आधारित कृषि विकास कार्यक्रम ७५% अनुदानका लागि रु.७ लाख, कृषि मेसिनरीमा अनुदानको लागि रु.५ लाख, प्लाष्टिक मल्चिङ ५०% अनुदानका लागि रु.३ लाख, बाँझो जग्गाको अभिलेख तथा करार खेती मार्फत युवा परिचालनका लागि रु.७ लाख, कृषि ढुवानी तथा निस्दी कोशेली घर मर्मत बजारीकरणका लागि रु.३ लाख, कृषि ढुवानी तथा कर्मचारी बैठकका लागि रु.२ लाख, विरुवा संरक्षण तथा आपतकालिन सेवा कार्यक्रमका लागि रु.२ लाख, माटो परिक्षण तथा कृषि चुन वितरणका लागि रु.२ लाख, जैविक मल तथा क्षेत्र विस्तार कार्यक्रमका लागि रु.२ लाख, कृषक स्तर र प्राविधिक तालिमका लागि रु.२ लाख, बगैचा सुदृढीकरण कार्यक्रमका लागि रु.१ लाख र कफि विरुवा रोपणका लागि रु.२ लाख गरी जम्मा रु. ३८ लाख बजेट पेश गरेकी छु।

**अब म आर्थिक विकास तर्फ पशुपंक्षी सेवा शाखा बाट कार्यान्वयन हुने बजेट तथा कार्यक्रम पेश गर्न चाहन्छु।**

प्रतिफलमा आधारित प्रोत्साहन अनुदान उत्पादन प्रवर्द्धन कार्यक्रमका लागि रु.१० लाख, पशु विकास सेवा उप-शाखा घुम्ति शिविरको लागि आवश्यक औषधी खरिदका लागि रु.८ लाख, भ्याक्सिनेटर परिचालनका लागि रु.१ लाख ५० हजार, गाई भैसी भकारो सुधार कार्यक्रमका लागि रु.१० लाख ५० हजार, साझेदारी फार्म प्रवर्द्धन ५०% अनुदानका लागि रु.३ लाख र पशु सेवा शाखा अनुगमन भ्रमण तथा विविधका लागि रु.१ लाख गरी जम्मा रु. ३४ लाख बजेट विनियोजन गरिएको छ।

**सहकारी तर्फः**

सहकारी संस्थाका पदाधिकारीहरु विच त्रैमासिक अन्तरक्रिया र अभिमुखिकरणका लागि रु.१ लाख, सहकारी अनुगमनका लागि रु. १ लाख, सहकारी दिवसका लागि रु.७५ हजार, उत्कृष्ट सहकारी सम्मानका लागि रु.२५ हजार, निस्कृय सहरकारी संस्थाका लागि संचालन मर्ज/दर्ता खारेजी सम्बन्धी अभिमुखिकरणका लागि रु. ५० हजार र सहकारी अध्ययन अवलोकन भ्रमणका लागि रु.१ लाख ५० हजार गरी जम्मा रु. ५ लाख बजेट विनियोजन गरिएको छ।

**उद्योग तर्फः**

उद्यमी तालिमका लागि रु.४ लाख बजेट विनियोजन गरिएको छ।

**बैंक तथा वित्तिय संस्था तर्फः**

वित्तिय साक्षरता कार्यक्रम संचालन गर्नका लागि रु.१ लाख विनियोजन गरिएको छ।

**पर्यटन तर्फः**

काउँले डाँडा पर्यटन प्रवर्द्धनका लागि रु.७ लाख ५० हजार, घाङछाहारी खहरे झरना पर्यटन प्रवर्द्धनका लागि रु.५ लाख र पर्यटन प्रचार प्रसार तथा घर वास सम्भाव्यता अध्ययनका लागि रु.१ लाख गरि जम्मा रु.१३ लाख ५० हजार बजेट विनियोजन गरिएको छ।

**श्रद्धेय सभा अध्यक्ष एवं सदस्य ज्यूहरु, अब म आ.व २०८२/०८३ को सामाजिक विकास तर्फको अनुमानित व्यय पेश गर्न चाहन्छु।**

शिक्षा तर्फः

शिक्षा समिति/ विषयगत समिति बैठकको लागि रु.३ लाख, प्र.अ. बैठकका लागि रु.७ लाख, विद्यालय अनुगमन तथा निरिक्षणको लागि रु.४ लाख, दिवाखाजा थप व्यवस्थापनको लागि रु.३६ लाख, शैक्षिक सामाग्री प्रदर्शनीका लागि रु.१ लाख ५० हजार, परीक्षा व्यवस्थापन (कक्षा ८- ३६५००/-, कक्षा ३/५ उपलब्धी १२५०००/-, SEE- ११५०००/-) का लागि रु.६ लाख, अभिभवक शिक्षाका लागि रु.१ लाख, विद्यार्थी छात्रवृत्तिका लागी रु.७ लाख, शिक्षक विद्यार्थी सम्मानका लागि रु.१ लाख ५० हजार, बहुकक्षा शिक्षण, प्र.अ. क्षमता विकास तालिमका लागी रु.५ लाख, बृहत बौद्धिक प्रशिक्षण (Motivational Training) का लागि रु.४ लाख, खेल संचालन राष्ट्रपति रनिङ्ग शिल्डका लागि रु.५ लाख, गा.पा. ECD शिक्षक तलब भत्ता (१७०००*१३+१००००*१०) का लागि रु.२३ लाख १० हजार, ECd शिक्षक थप तलव भत्ता (७०००*१३*४७) का लागि रु.४२ लाख ७७ हजार, विद्यालय कर्मचारी थप तलब भत्ताका लागि रु.४७ लाख ५० हजार, विद्यालय सहायक थप तलब भत्ता (२५००-१३-१२) का लागि रु. ३ लाख ९० हजार, गा.पा. शिक्षक अनुदानका लागि रु.१९ लाख ५४ हजार, उत्सब दिवसका लागि रु.१ लाख ५० हजार, विद्यालय संचालन व्यवस्थापनका लागि रु.२ लाख ३२ हजार, प्र.अ. भत्ता व्यवस्थापनका लागि रु.४ लाख २५ हजार, विद्यार्थी मुल्याङ्कन अभिलेखिकरण फारम छपाईका लागि रु.१ लाख ५० हजार, शैक्षिक क्यालेण्डरका लागि रु.१ लाख २५ हजार, शिक्षण डायरी निर्माण र छपाईका लागि रु.१ लाख ५० हजार, अतिरिक्त शिक्षक व्यवस्थापनका लागि रु.५ लाख, वडा स्तरीय शैक्षिक समिक्षाका लागि रु.३ लाख ५० हजार, शिक्षक तालिमका लागि रु.५ लाख, स्थानीय पाठ्यक्रम कक्षा १ र २ पुस्तक छपाईका लागि रु. ६ लाख ५० हजार, स्थानीय पाठ्यक्रम कक्षा ३ पाठ्यपुस्तक लेखनका लागि रु. २ लाख ५० हजार, गाउँ शिक्षा योजना लेखन तथा छपाईका लागि रु.१ लाख, नमूना विद्यालय अवलोकन भ्रमणका लागि रु.२ लाख, स्काउटका लागि रु.५ लाख ५० हजार, रेडक्रसका लागि रु.१ लाख ५० हजार, युवामैत्री स्थानीय शासन कार्यक्रमका लागि रु. ५ लाख र विविधमा रु.२ लाख ६९ हजारगरी जम्मा रु. २ करोड ७० लाख ३२ हजार विनियोजन गरिएको छ।

स्वास्थ्य तर्फः

स्वास्थ्यका करार कर्मचारी , चाडपर्ब तथा पोशाक खर्चका लागि रु. ४६ लाख ५० हजार, जेष्ठ नागरिक र अपाङ्गता भएका नगरिकसंग स्थानीय जनप्रतिनिधि कार्यक्रम (७० बर्ष माथिका ज्येष्ठ नागरिक र पूर्ण तथा अति अशक्तता भएका नागरिक घरदैलो उपचार तथा व्यवस्थापन) का लागि रु.२ लाख, गर्भवती आमालाई क्याल्सियम वितरणका लागि रु.३ लाख, गर्भवती आमालाई अण्डा वितरणका लागि रु.१ लाख, सुत्केरी महिला संग महिला जनप्रतिनिधि सुत्केरी कार्यक्रमका लागि रु.४ लाख, गर्भवती लक्षित अल्ट्रासाउण्ड कार्यक्रमका लागि रु. १ लाख ५० हजार, बर्थिङ

सेन्टरमा कार्यरत कर्मचारी नाईट भत्ताका लागि रु. ४५ हजार, सुत्केरी प्रेषणका लागि रु.१ लाख, गर्भवती आमाहरुलाई पूर्वप्रसूती जाँच तथा सुत्केरी गराउन स्वास्थ्य संस्थामा लिएर आउने महिला स्वास्थ्य स्वयं सेविका यातायात खर्चका लागि रु. ५० हजार, नियमित रुपमा तौल अनुगमन गराउने आमाहरुलाई पुरस्कार प्रोत्साहन यातायात खर्चका लागि रु.८० हजार, नसर्ने रोग पहिचान स्कृनिङ्ग तथा मधुमेह र रक्तचापको आधारभूत औषधिका लागि रु.४ लाख ५० हजार, आधारभुत औषधी खरिदका लागि रु.६ लाख , आमा समुह अन्तर्कृया तथा नियमित बैठक सञ्चालन यातायात खर्चका लागि रु. २ लाख २७ हजार, गाउँघर क्लिनिक सञ्चालन यातायात खर्चका लागि रु.१ लाख ८३ हजार, विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रमका लागि रु. ५० हजार, स्वास्थ्य चौकी संचालन तथा व्यवस्थापन समिति खाजा खर्चका लागि रु. १ लाख ४४ हजार, महिला सामुदायिक स्वास्थ्य स्वयम सेविका मासिक बैठक खाजा खर्चका लागि रु.८४ हजार, महिला सामुदायिक स्वास्थ्य स्वयम सेविका मासिक यातायात खर्चका लागि रु.८ लाख २२ हजार, महिला सामुदायिक स्वास्थ्य स्वयम सेविका संचार खर्चका लागि रु.१ लाख ५८ हजार ४ सय, महिला सामुदायिक स्वास्थ्य स्वयम सेविका बार्षिक समिक्षा तथा स्वयम सेविका दिवशका लागि रु.३ लाख, स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन अनुदानका लागि रु.३ लाख, स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति अभिमुखिकरण तथा सामाजिक परिक्षणका लागि रु. २ लाख २० हजार , विभिन्न स्वास्थ्य शिविर,तालिम,गोष्ठी,समिक्षा कार्यक्रम सञ्चालन तथा विविधका लागि रु. ६ लाख ७६ हजार ६ सय, पुर्ण संस्थागत प्रसुति सेवा युक्त/पोषणमैत्री स्वास्थ्य संस्था घोषणा कार्यक्रमका लागि रु. २ लाख, मित्याल स्वास्थ्य चौकी प्रयोगशाला सामाग्री ब्यवस्थापनका लागि रु.२ लाख ५० हजार, किशोरी रक्त अल्पता परिक्षण कार्यक्रमका लागि रु. १ लाख ३० हजार, स्वास्थ्य संस्थाहरुको विधुतिय एकिकृत स्वास्थ्य व्यवस्थापन EHMISका लागि रु.५ लाख, मानसिक स्वस्थ्य सम्वन्धि जनचेतना तथा औषधिका लागि रु.२ लाख, एच.आई.भि. संक्रमित विरामीको लागि यातायात खर्चका लागि रु.८० हजार, मातृ तथा नव शिशु /वाल स्वास्थ्य कार्ड छपाईका लागि र.१ लाख गरी जम्मा रु. १ करोड १७ लाख ५० हजार विनियोजन गरिएको छ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तर्फः**

महिला अधिकार दिवसका लागि रु.५ लाख, पालिका स्तरीय तीज गित प्रतियोगिताका लागि रु.२ लाख ५० हजार, लैङ्गिक हिंसा निवारण कोष थपका लागि रु.१ लाख, अन्तराष्ट्रिय नारी दिवसका लागि रु.२ लाख १० हजार, लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानका लागि रु.१ लाख ४० हजार, कानूनी/वित्तिय साक्षरता कार्यक्रमका लागि रु.२ लाख १० हजार, असहाय महिला सहायता कार्यक्रमका लागि रु.२ लाख १० हजार, समन्वय समिति अवलोकन भ्रमणका लागि रु.१ लाख ५० हजार, सिलाई कटाई तालिमका लागि रु.३ लाख ५० हजार, महिला समन्वय समिति बैठकका

लागि रु.१ लाख २० हजार, महिला विविधका लागि रु.१ लाख, निस्दी कोशेली घर व्यवस्थापनका लागि रु.२ लाख ५० हजार, वडा स्तरीय महिला समन्वय समिति परिचालनका लागि रु.२ लाख, प्राविधिक विषय तथा गणित विज्ञान विषय पढेका विपन्न जेहेन्दार छात्रावृत्तिका लागि रु.३ लाख गरी जम्मा ३० लाख ९० हजारको बजेट विनियोजन गरेको छ।

**बालमैत्री स्थानीय शासनः**

बालविवाह अन्त्यका लागि सचेतना कार्यक्रमका लागि रु.४ लाख, वाल क्लव व्यवस्थापन तालिम तथा सहयोगका लागि रु.३ लाख, राष्ट्र बाल दिवस कार्यक्रमका लागि रु.२ लाख, बालमैत्री विद्यालय तथा समुदाय अनुभव आदन प्रदान कार्यक्रमका लागि रु. १ लाख ५० हजार, सामाग्री छपाई तथा वितरणका लागि रु.३ लाख, बालबालिका स्थिति पत्र अध्यावधिकका लागि रु.१ लाख ५० हजार, बालमैत्री स्थानीय शासन समिति तथा कर्मचारी क्षमता विकास तालिमका लागि रु. ३ लाख ५० हजार, बालक्लव कार्यक्रम सहयोगका लागि रु. ३ लाख ५० हजार, पालिका स्तरीय बालक्लव नेटवर्क बैठकका लागि रु.१ लाख, सहजिकरण समिति बैठकका लागि रु.१ लाख, कर्मचारी बैठकका लागि रु. १ लाख, बालमैत्री स्थानीय शासन सूचक अनुगमन तथा प्रमाणिकरणका लागि रु.२ लाख, पालिका तथा जिल्ला स्तरीय अनुगमनका लागि रु.३ लाख, बालमैत्री स्थानिय शासन समिति बैठकका लागि रु.१ लाख, बालमैत्री विविधका लागि रु.१ लाख, बालकोष स्थापनाका लागि रु.१ लाख, जनप्रतिनिधिसँग बालबालिकाका लागि रु. १ लाख र बालबालिकासँग बालबालिकाका लागि रु.१ लाख गरी जम्मा रु. ३५ लाख बजेट विनियोजन गरिएको छ।

**दलितः**

दलितका लागि रु.५ लाख विनियोजन गरिएको छ।

**आदिवासी जनजातीः**

जनजातीका लागि रु.५ लाख र मगर दिवसका लागि रु.३ लाख ५० हजार गरी कुल जम्मा रु. ८ लाख ५० हजार बजेट विनियोजन गरिएको छ।

**युवा मैत्री स्थानीय शासन**

युवा मैत्री स्थानीय शासन को लागि रु.५ लाख र युवा तर्फका लागि रु.१० लाख गरी जम्मा रु.१५ लाख बजेट विनियोजन गरिएकोछ।

**अपाङ्गता, एकल पुरुष र अभिभावक विहिन बालबालिकाः**

ग वर्गको अपाङ्गता भएको व्यक्ति, एकल पुरुष र अभिभावक विहिन बालबालिकाहरुलाई भत्ताका लागि रु.२१ लाख बजेट विनियोजन गरिएको छ।

**जेष्ठ नागरिक**

जेष्ठ नागरिकका लागि रु.५ लाख बजेट विनियोजन गरिएको छ।जेष्ठ नागरिकहरुको अन्य कार्यक्रम स्वास्थ्य शाखाबाट लागु गरिनेछ।

**खानेपानी तथा सरसफाई तर्फः**

पुर्ण सरसफाई अभियान तथा खानेपानी मुल परीक्षणका लागि रु.७ लाख र पाइप खरिदका लागि रु.५ लाख गरी जम्मा रु.१२ लाख बजेट विनियोजन गरिएको छ।

**खेलकुद र मनोरञ्जनः**

दोस्रो निस्दी कप खेलकुद विविधका लागि रु.१२ लाख र निस्दी खेलकुद विकास समिति विविधका लागि रु.३ लाख गरि जम्मा रु. १५ लाख बजेट विनियोजन गरिएको छ।

**पुर्वाधार विकास तर्फः**

केम खाम्चा मार्ग समपुरक कोषका लागि रु. ३ करोड ७० लाख, निस्दी गाउँपालिकाको मुख्य प्रशासनीक भवन लागि रु. २ करोड २८ लाख र १५ शैया अस्पतालका लागि रु. २ करोड २५ लाख गरि कुल जम्मा रु. ८ करोड २३ लाख विनियोजन गरिएको छ।

**वन, वातावरण तथा विपद् व्यवस्थापनः**

सामुदायिक वनसँग अन्तर्क्रिया कार्यक्रमका लागि रु. २ लाख, विपद् व्यवस्थापनका लागि रु.२ लाख, ग्याविङ खरिदका लागि रु.५ लाख, विपद् आर्थिक सहयोगका लागि रु.८ लाख र फोहोर

मैला व्यवस्थापनका लागि रु.३ लाख ५० हजार गरी जम्मा रु. ३ लाख ८५ हजार बजेट विनियोजन गरिएको छ।

**संस्थागत विकास सेवा प्रवाह र सुशासनः**

एकिकृत घुम्ति शिविरका लागि रु.८ लाख, सार्वनजिक सुनुवाई र सामाजिक परिक्षणका लागि रु.४ लाख ५० हजार, संस्था दर्ता तथा उपभोक्ता समिति तालिमका लागि रु.८० हजार, लोक सेवा आयोग तथा शिक्षक सेवा आयोग तयारी कक्षाका लागि रु.२ लाख र अन्तरपालिका अनुभव आदन प्रदान का लागि रु.५ लाख विनियोजन गरी कूल जम्मा २० लाख ३० हजार बजेट विनियोजन गरिएको छ।

**श्रद्धेय सभा अध्यक्ष एवं सदस्य ज्यूहरु, अब म आ.व २०८२/०८ को वडा स्तरीय बजेट पेश गर्न चाहन्छु।**

**निस्दी गाउँपालिका वडा नं.१ बाकामलाङको योजनाहरु क्रमश पेश गर्न चाहन्छु ।**

बडहरे हात्ति भञ्याङ छपाक्दी मो.बा. ढलान रु.६ लाख, गेझा दुईघरे मो.बा. स्तरोन्नती रु. ३ लाख, तल्लो बाका मो.बा. ढलान रु. ४ लाख, तल्लो लेखमलाङ्ग खानेपानी रु.२ लाख, दोखडाँडा मो.बा. रु.३ लाख, पोखरीथोक मो.बा. ढलान रु.४ लाख, चारघरे खानेपानि मर्मत सम्भार रु.२ लाख ५० हजार, भोटाहा मो.बा. ग्रावेल रु.४ लाख ५० हजार, अरमलाङ मो.बा. स्तरोन्नती तथा ढलान रु.४ लाख, वडा भित्रका विद्यालय पुर्वाधार सहयोग रु.७ लाख, बालमैत्री स्थानीय शासन कार्यक्रम रु.३ लाख, वडा कार्यालय व्यवस्थापन तथा घेराबार रु.८ लाख, विउ विजन खरिद रु.१ लाख, पशु स्वास्थ्य औजर तथा औषधी खरिद रु.१ लाख, महिला कार्यक्रम सहयोग रु.१ लाख, स्वास्थ्य चौकी व्यवस्थापन रु.१ लाख, पुरमलाङ खा.पा. मुहान संरक्षण रु.२ लाख, लिटिपिरिङ्ग कुलो मर्मत रु.२ लाख, राहुवन खानेपानी मर्मत रु.५ लाख, डमरा चोक देखि दर्लामी घर मो.बा. मर्मत रु.१ लाख गरी कुल जम्मा रु.६५ लाख रहेको छ।

**निस्दी गाउँपालिका वडा नं.२ सहलकोटको योजनाहरु क्रमश पेश गर्न चाहन्छु ।**

बालमैत्री स्थानीय शासन कार्यक्रम रु.१ लाख ५० हजार, शैक्षिक सुधार कार्यक्रम रु.४ लाख, महिला विकास कार्यक्रम रु.१ लाख, वडा कार्यालय व्यवस्थापन रु.५ लाख, सहलकोट खेलकुद रु.२ लाख, सहलकोट वडा कार्यालय विविध रु.३ लाख, अंशुवर्मा मा.वि. खानेपानी मर्मत तथा व्यवस्थापन रु.३ लाख, बालहित मा.वि. सभाहल व्यवस्थापन रु.४ लाख, सुर्यकिरण प्रा.वि. शौचालय

निर्माण तथा व्यवस्थापन रु.२ लाख, पुरान्थर प्रा.वि. व्यवस्थापन रु. ३ लाख, सहलकोट स्वास्थ्य चौकी र वडा स्तरीय सभाहल इन्भटर तथा व्याट्री खरिद तथा व्यवस्थापन रु.३ लाख, शेरडाँडा आमा समूह भवन व्यवस्थापन रु.२ लाख, पुरन्थर पधेरा खा.पा. घेराबार तथा व्यवस्थापन रु.३ लाख, दमार कृषि सडक मर्मत रु.३ लाख ५० हजार, मुंगीडाँडा गोरेटो बाटो निर्माण रेलिङ्ग तथा प्रतिक्षालय रु.२ लाख ५० हजार, आनन्दी खानेपानी व्यवस्थापन रु.३ लाख, माथिल्लो भाङबारी खानेपानी व्यवस्थापन रु.३ लाख, एम्बुलेन्स मर्मत तथा व्यवस्थापन रु.३ लाख, सुकेकोट मोटर बाटो निर्माण रु.२ लाख ५० हजार, थाम मोटर बाटो ग्रावेल तथा शिशुकल्याण बाल विकास केन्द्र व्यवस्थापन रु.४ लाख, सुकेकोट ढुसेनी मो.बा. रु.५ लाख, धारादी ग्रामिण सौर्य खानेपानी पम्प कन्ट्रोलर बक्स खरिद रु.३ लाख, सहलकोट स्वास्थ्य विमा कार्यक्रम रु.१ लाख ५० हजार, सहलकोट कृषि विकास कार्यक्रम रु.१ लाख ५० हजार र सहलकोट पशु विकास कार्यक्रम रु.१ लाख गरी कुल जम्मा रु.७० लाख रहेको छ।

**निस्दी गाउँपालिका वडा नं.३ झिरुवासको योजनाहरु क्रमश पेश गर्न चाहन्छु ।**

पोखरीथर सामुदायिक भवन निर्माण रु.३ लाख, लक्ष्मी मा.वि. भौतिक पुर्वाधार निर्माण रु.२ लाख, डाँडाथर सामुदायिक भवन निर्माण रु.४ लाख, खलबारी मो.बा. ढलान रु.४ लाख, अधमारा अम्रिसो खेति तथा तरकारी खेती रु.२ लाख, देउराली झिरुवास मो.बा. ढलान रु.४ लाख, खादर मो.बा. ढलान रु.८ लाख, डावरा मौलादेवी मन्दिर निर्माण तथा मो.बा. ढलान रु.३ लाख, डुनडाँडा वेसार खेती रु.२ लाख, धर्केसिं मो.बा. निर्माण रु.२ लाख, जनक आ.वि. शौचालय निर्माण रु.२ लाख , जनक मा.वि. भौतिक पुर्वाधार व्यवस्थापन रु.२ लाख, लाभेट सामुदायिक भवन वाइरिङ्ग तथा ईन्टरनेट जडान रु.३ लाख, मोहरिया निशानीदेवी मन्दिर निर्माण रु.३ लाख, युवा महिला खेलकुद रु.२ लाख, जनप्रतिनिधि कर्मचारी अध्ययन अवलोकन भ्रमण रु.२ लाख, लक्ष्मी प्रा.वि. भौतिक पूर्वाधार व्यवस्थापन रु.२ लाख, वडा स्तरीय मो.बा. मर्मत तथा स्तर सुधार रु.१ लाख, झिरुवास स्वास्थ्य चौकी शौचालय निर्माण रु.२ लाख, कृषि पशु मेसिनरी खरिद तथा औषधी खरिद रु.२ लाख, युवा स्वरोजगार कार्यक्रम तथा अम्रिसो रोपण कार्यक्रम रु.२ लाख, वडा कार्यालय मो.बा. ढलान तथा भौतिक पुर्वाधार व्यवस्थापन रु.१४ लाख, स्वास्थ्य विमा कार्यक्रम रु.१ लाख, बालमैत्री स्थानिय शासन कार्यक्रम तथा महिला लक्षित कार्यक्रम रु.२ लाख र विद्यालय अन्तरक्रिया कार्यक्रम तथा सम्मान रु.१ लाख गरी कुल जम्मा रु.७५ लाख रहेको छ।

**निस्दी गाउँपालिका वडा नं.४ मित्यालको योजनाहरु क्रमश पेश गर्न चाहन्छु ।**

कृषि मेशिनरी खरिद रु. ३ लाख, शैक्षिक सुधार कार्यक्रम रु.२ लाख, कृषक अनुभब आदान प्रदान रु.२ लाख, भकारो सुधार तथा पशु औषधी खरिद रु. २ लाख, जनकल्याण आ वि फर्निचर खरिद रु. २ लाख, मौलादेवी आ वि गेट निर्माण रु.१ लाख, गौरीशंकर मा वि मर्मत रु.१ लाख, मित्याल आ वि मर्मत रु. १ लाख ५० हजार, गोरखनाथ आ वि मर्मत रु. १ लाख ५० हजार, जनप्रिय मा वि गेट निर्माण तथा मर्मत रु.१ लाख ५० हजार, जलदेवी आ वि कम्प्यूटर तथा प्रिन्टर खरिद रु. ३ लाख, मित्याल स्वास्थ्य चौकी तथा गाउँघर क्लिनिक व्यवस्थापन रु.२ लाख, खोर्मोक गोठडाँडा रिपाहा खा.पा. मर्मत रु.२ लाख, धाक्रेदमार भूटिकोन प्यागो र अनौरी खानेपानी मर्मत रु.३ लाख, माझथर खानेपानी मर्मत रु.२ लाख, वडा स्तरीय महिला लक्षित कार्यक्रम तथा तालिम रु.२ लाख, वडा स्तरीय बालमैत्री स्थानिय शासन कार्यक्रमका लागि रु.३ लाख ५० हजार, मित्याल युवा संजाल संचालन तथा व्यवस्थापनका लागि रु.२ लाख ५० हजार, मित्याल मो.वा. मर्मतका लागि रु. २ लाख, गौरीशंकर मा वि जाने मो वा ढलानका लागि रु.३ लाख, जिवन ज्योति आ वि जाने मो वा ढलानका लागि रु.३ लाख, भोर्मा घुम्ति मो.वा. ढलानका लागि रु. ३ लाख, विरुवा देखी द्वार्घा छापडाँडा मो.वा. घुम्ति सुधार योजनाका लागि रु. २ लाख, पोखरीडहर र बहुनिसिम जाने मो वा निर्माणका लागि रु.२ लाख, घ्याङसिङ डाँडा बराने पोखरा मो वा निर्माणका लागि रु.२ लाख, न्यू स्मृति भवन निर्माण योजनाका लागि रु.६ लाख, घुंसिबार सामुदायिक भवन निर्माण योजनाका लागि रु.४ लाख, ईन्टरनेट तार खरिद म्याचिङ्ग तथा संचार योजनाका लागि रु.२ लाख, भोर्मा गोरेटो बाटो निर्माणका लागि रु.२ लाख ५० हजार, घ्याङसिबास गोरेटो बाटो निर्माणका लागि रु. २ लाख, आमडाँडा गोरेटो बाटो निर्माणका लागि रु.२ लाख, दुनिदमार स्वास्थ्य ईकाई र महिला सामुदायिक भवन कम्पाउण्डिङ्गका लागि रु.२ लाख, ढेरोक खोला कजवे निर्माणका लागिरु.२ लाख, मित्याल खानेपानी मुहान मर्मत योजनाका लागि रु.२ लाख, रुक्सेभञ्ज्याङ्ग ढल निकासका लागि रु.२ लाख, वडा कार्यालय व्यवस्थापन तथा सम्मानका लागि र.२ लाख गरी कुल जम्मा रु.८३ लाख रहेको छ।

**निस्दी गाउँपालिका वडा नं. ५ गल्धाको योजनाहरु क्रमश पेश गर्न चाहन्छु ।**

सनिस्वरा गल्धा फाँट केवरापानी रिङ्दी वाङखरक मो.बा. रु.६ लाख ५० हजार, धोमादी घ्याङसरी पटकसार मो.बा. रु.४ लाख, ढुंगानावेशी पैन्टारी बलौटे ठकुरी कुलो मर्मत रु.३ लाख ५० हजार, घाचुर बाङलाङ बचादी बेलौजी धनुवास मजुवा पाइप खरिद रु.३ लाख, कठैडाँडा ढुंगानावेशी मो.बा. नाली तथा किर्लुकदी ग्यावेिङ वाल निर्माण रु.४ लाख, कठैडाँडा एक घर एक धारा ठुलो गैरा खा.पा. मर्मत रु.१ लाख ३० हजार, राइकोट बाङलाङ घाचुर गल्धाफाँट झोलुङ्गे गोरेटो बाटो ढलान तथा अहट निर्माण रु.४ लाख ८० हजार, खसी बोका संकलन केन्द्र तथा गाङछारी एवम् नक्सांकन

निर्माण रु.३ लाख, गल्धा शैक्षिक सुधार कार्यक्रम रु.४ लाख ३० हजार, गल्धा पशु पंक्षी विकास कार्यक्रम रु.४ लाख १० हजार, गढी किल्ला टुंडिखेल पार्क निर्माण तथा मन्चने गेट निर्माण रु.२ लाख, मोटर बाटो मर्मत रु.२ लाख, जनता मा.वि. व्यवस्थापन रु.३ लाख, राइकोट आ.वि. रु.२ लाख, बराहदेवी युवा क्लव गाबुडाँडा रु.१ लाख, बालमैत्री स्थानीय शासन कार्यक्रम रु.३ लाख, वडा कार्यालय रंगरोगन तथा शौचालय व्यवस्थापन रु.२ लाख, वृहस्पति आ.वि., लाङघाली प्रा.वि. तथा जनता आ.वि. पिपलभञ्ज्याङ फर्निचर व्यवस्थापन रु.२ लाख ५० हजार, स्वास्थ्य संस्थामा जन्म हुने नवजात शिशु विमा कार्यक्रम रु. १ लाख ५० हजार, बाङलाङ खेलमैदान व्यवस्थापन रु.२ लाख, नौ दुर्गा भवानी तथा थपना निर्माण कोटथर रु.३ लाख, भकारो सुधार तथा वडा स्तरीय पशु तथा कृषि औषधी तथा विउ खरिद रु.३ लाख, सरस्वती मा.वि. व्यवस्थापन रु.२ लाख, महिला तीज गित कार्यक्रम तथा नारी दिवस एवम्  तालिम रु.१ लाख, खहरेपुल देखि कोहर भञ्ज्याङ मो.बा. स्तरोन्नती रु.४ लाख, युवा लक्षित कार्यक्रम रु.२ लाख, लिफ्टिङ्ग खानेपानी महशुल अनुदान रु.१ लाख, कृषि तथा पशुपंक्षी कृषक समूह कार्यक्रम रु.५० प्रतिशत अनुदान रु.२ लाख गरी कुल जम्मा रु.७७ लाख ५० हजार रहेको छ।

**निस्दी गाउँपालिका वडा नं. ६, अर्चलेको योजनाहरु क्रमश पेश गर्न चाहन्छु ।**

वडा कार्यालय स्कुल बजार मो.वा. स्तरोन्नतीका लागि रु.१४ लाख, वडा कार्यालयसंरचना सुधार तथा व्यवस्थापनका लागि रु.५ लाख, नारी भञ्ज्याङ लेक डाँडा मो वा स्तरोन्नतीका लागि रु.५ लाख, अर्चले एकिकृत खानेपानी योजनाका लागि रु.४ लाख, अर्चले एकिकृत सिंचाई योजनाका लागि रु.५ लाख ३० हजार, धोबला गल्ली मर्मतका लागि रु.२ लाख, सात्दोबाट मो वा स्तरोन्नतीका लागि रु.५ लाख, बालमैत्री स्थानिय शासन कार्यक्रमका लागि र.१ लाख २० हजार, बिद्यार्थी संग जनप्रतिनिधि कार्यक्रमका लागि रु.५० हजार, सिन्दुर आ वि शौचालय मर्मतका लागि रु.२ लाख, साविक वडा स्तरीय खेलकुद प्रतियोगिताका लागि रु.१ लाख, गोरखनाथ मा बि ट्रस्ट कोठा निर्माणका लागि रु.८ लाख, विपन्न नागरिक स्वास्थ्य विमा कार्यक्रमका लागि रु.१ लाख, बाँझो जमिन खेति प्रवर्दन कार्यक्रम (अमिलो र टिमुर )का लागि रु.१ लाख, तिज गित प्रतियोगिताका लागि रु.५० हजार, खेलमैदान स्तरोन्नतीका लागि रु.४ लाख ५० हजार, बिपन्न नागरिक आय आर्जन कार्यक्रमका लागि रु.३ लाख, स्वास्थ्य चौकी मर्मतका लागि रु.१ लाख, विविधमा रु. १ लाख  गरी कुल जम्मा रु. ६५ लाख रहेको छ।

**निस्दी गाउँपालिका वडा नं. ७, ज्यामिरेको योजनाहरु क्रमश पेश गर्न चाहन्छु ।**

चारघरे माथिल्लो टोल गल्ली छपाईका लागि रु. २ लाख ५० हजार, चारघरे तल्लो टोल खानेपानी निर्माणका लागि रु.४ लाख ५० हजार, चारघरे सपोर्टिङ्ग वालका लागि रु. २ लाख, आधमारा गल्ली छपाईका लागि रु.२ लाख, मदनपुर पम्प खरिदका लागि रु.५ लाख, सिन्दुरे प्रतिक्षालय तथा चौपारी निर्माणका लागि रु. ४ लाख, ज्यामिरे खा. पा. का लागि रु.५ लाख, बलौटे सिंचाई योजनाका लागि रु.४ लाख ८० हजार, रुक्सेडाँडा खा.पा. योजना रु.२ लाख, सिमलडाँडा गल्ली ढलानका लागि रु.३ लाख ५० हजार, फिलिमटार खेत सिंचाई पाईप खरिदका लागि रु.३ लाख ५० हजार, तिनघरे खा. पा. टंकी निर्माणका लागि रु.२ लाख ५० हजार, बेभोके लि. खा. पा.का लागि रु.१० लाख, दुर्गा मन्दिर पुर्वधार निर्माण तथा व्यवस्थापनका लागि रु.४ लाख ५० हजार, जनप्रिय मा. वि. छात्रावास निर्माणका लागि रु.१२ लाख, लावेदी अलैंचे तथा मलग्राम खा. पा.का लागि रु.४ लाख ५० हजार, सरस्वति मा. वि. पुर्वाधार निर्माण तथा विज्ञान प्रयोगशाला सामाग्री खरिदका लागि र.३ लाख, हुवास स्वास्थ्य ईकाई पुर्वाधार निर्माण तथा व्यवस्थापनका लागि रु.३ लाख, ज्यामिरे टोल गेट निर्माणका लागि र.३ लाख, वडा स्तरीय पाईप खरिदका लागि रु.४ लाख, साविक गा. वि. स. भवन मर्मतका लागि रु.२ लाख, वडा स्तरीय मो.वा. मर्मतका लागि रु.१ लाख, टोल स्तरीय तिज गित प्रतियोगिताका लागि रु.१ लाख, बालमैत्री स्थानिय शासन कार्यक्रमका लागि रु.२ लाख ५० हजार, वडा स्तरी भलिबल प्रतियोगिताका लागि रु.१ लाख, वडा डकुमेन्ट्री निर्माणका लागि रु.१ लाख, युवा स्वरोजगार कार्यक्रमका लागि रु.१५ लाख, प्रगति आ. वि. व्यवस्थापनका लागि रु.१ लाख ५० हजार, चारघरे हुवास सारङ्गीखोला नाली निर्माण तथा ढलानका लागि रु.४ लाख, सेरोदेबी प्रा.वि. घेराबार निर्माणका लागि रु.२ लाख, हुवास विउ बोका खरिदका लागि रु.१ लाख, पोखरीछाप गल्ली छपाईका लागि रु.२ लाख, दृष्टिविहिन छात्रावृति कार्यक्रमका लागि रु.१ लाख, जनपरिचालन कार्यक्रमका लागि रु.१ लाख, बतासा ठूलोनाच सामाग्री खरिदका लागि रु.१ लाख ५० हजार, ज्यामिरे सामाजिक उधमी महिला समुहका लागि रु.५ लाख, शैक्षिक सुधार कार्यक्रम रु.४ लाख, यातायात संचालन प्रोत्सहान रु.५० हजार र वडा कार्यालय गेट तथा पुर्वाधार निर्माणका लागि रु.५ लाख गरी कुल जम्मा रु.१ करोड ३७ लाख ३० हजार रहेको छ।

**श्रद्धेय सभा अध्यक्ष एवं सभा सदस्यज्यूहरु,** अन्त्यमा आ.व. २०८२/०८३ को प्रस्तावित यस बजेटले निस्दी गाउँपालिकाको समग्र विकासको लागी टेवा पुर्याउनेछ भन्ने विश्वास मैले लिएकि छु। आ.व.२०८२/०८३ को प्रस्तावित वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफुलाई धेरै भाग्यमानी ठानेकी छु।

तिरन कुमारी श्रेष्ठ
निस्दी गाउँपालिका
उपाध्यक्ष
मितिः २०८२/०३/०८